**नेपाल राष्ट्र बैंक**
**केन्द्रीय कार्यालय**
**जनशक्ति व्यवस्थापन विभाग**

## अनलाईन (Online) दरखास्त फाराम सम्बन्धी सूचना

**(मिति : २०७९/०३/२२)**

यस बैंकमा रिक्त रहेका देहायका पदहरुमा करारमार्फत् पूर्ति गर्नुपर्ने भएकोले इच्छुक योग्य नेपाली नागरिकबाट मिति २०७९/०३/२२ बुधबारदेखि मिति २०७९/०४/०४ बुधबारका दिनभित्र अनलाइन दरखास्त फारम पेश गर्न आव्हान गरिएको छ । बैंकले तोकेको अनलाईन फाराममा भर्नुपर्ने सम्पूर्ण विवरण भरी सोको साथ आफूले प्राप्त गरेको न्यूनतम शैक्षिक योग्यता, नागरिकताको प्रमाणपत्र, अनुभव र अन्य सम्पूर्ण प्रमाणपत्र तथा नागरिकताको प्रमाणपत्रबाट उमेर नखुल्ने भएमा उमेर खुल्ने शैक्षिक योग्यताको प्रमाणपत्र र पासपोर्ट साइजको फोटो Scan/Attach गरी तोकिएको दस्तुर तिरी दरखास्त पेश गर्नुपर्नेछ । परीक्षा दस्तुर भुक्तानी नभएका वा रीत नपुगी आएका दरखास्तउपर कुनै किसिमको कारवाही हुने छैन । झुट्टा विवरण उल्लेख गरी दरखास्त फाराम भरेमा सोको जवाफदेही उम्मेदवार स्वयं हुनुपर्नेछ ।

| विज्ञापन नं. | कार्यालय | आवश्यक पद संख्या | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|
| **१) सुरक्षा समूहतर्फ (पद : पिपा)*** | | | |
| १०१/२०७९ | केन्द्रीय कार्यालय | ३ | आठ कक्षा उत्तीर्ण । |
| १०२/२०७९ | बिराटनगर कार्यालय | २ | |
| १०३/२०७९ | जनकपुर कार्यालय | १ | |
| १०४/२०७९ | वीरगञ्ज कार्यालय | २ | |
| १०५/२०७९ | पोखरा कार्यालय | २ | |
| १०६/२०७९ | सिद्धार्थनगर कार्यालय | २ | |
| १०७/२०७९ | नेपालगञ्ज कार्यालय | २ | |
| १०८/२०७९ | सुर्खेत कार्यालय | २ | |
| * बैंकको ढुकुटीमा नोटका बाकस ओसारपसार लगायत नोट व्यवस्थापन सम्बन्धी अन्य कार्यमा समेत खटाउन सकिने । | | | |
| **२) सवारी चालकतर्फ** | | | |
| **क) हलुका सवारी चालक** | | | |
| १०९/२०७९ | केन्द्रीय कार्यालय | १२ | आठ कक्षा उत्तीर्ण । |
| ११०/२०७९ | जनकपुर कार्यालय | १ | |
| १११/२०७९ | पोखरा कार्यालय | १ | |

| विज्ञापन नं. | कार्यालय | आवश्यक पद संख्या | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|
| **ख) बस चालक** | | | |
| ११२/२०७९ | केन्द्रीय कार्यालय | २ | आठ कक्षा उत्तीर्ण । |
| ११३/२०७९ | जनकपुर कार्यालय | १ | |
| ११४/२०७९ | वीरगञ्ज कार्यालय | १ | |
| ११५/२०७९ | पोखरा कार्यालय | १ | |
| ११६/२०७९ | सिद्धार्थनगर कार्यालय | १ | |
| ११७/२०७९ | धनगढी कार्यालय | १ | |

१. करार सेवा अवधि :- ६ महिना ।

२. आवश्यक अनुभव

**१) पिपातर्फ** :- नेपाली सेनाबाट पिपा वा सोभन्दा एक तह माथि काम गरी निवृत्तिभरण प्राप्त गर्ने गरी अवकाश पाएको ।

**२) सवारी चालकतर्फ** :- बैंक तथा वित्तीय संस्था वा नेपाल सरकारका निकायमा कम्तीमा १० वर्ष सम्बन्धित सवारी साधन चालक सम्बन्धी कार्य अनुभव प्राप्त गरेको । सवारी चालक अनुमतिपत्र नवीकरण गरेको ।

३. उम्मेदवारको उमेर :- दरखास्त दिने अन्तिम मितिमा ४५ बर्ष ननाघेको ।

४. उम्मेदवारको छनोट विधि :- लिखित परीक्षा, प्रयोगात्मक तथा अन्तर्वार्ता ।

**(दरखास्त स्वीकृत भएका उम्मेदवारहरुको संख्या १०० वा सोभन्दा कम भएमा प्रयोगात्मक र/वा अन्तर्वार्ता परीक्षामात्र हुनेछ ।)**

५. स्वीकृत नामावली प्रकाशन :- २०७९ साउन ११ गते बैंकको वेबसाइटमा प्रकाशन हुनेछ ।

६. परीक्षा कार्यक्रम प्रकाशन :- २०७९ साउन ११ गते बैंकको वेबसाइटमा प्रकाशन हुनेछ ।

७. पारिश्रमिक तथा अन्य सुविधा :- बैंकको नियमानुसार करारनामामा उल्लेख भए बमोजिम हुनेछ ।

८. काम गर्नुपर्ने कार्यालय :- विज्ञापनमा तोकिएको कार्यालय ।

९. सेवा सम्बन्धी शर्त :- दुवै पक्षबीच हुने करारनामामा उल्लिखित शर्तअनुसार हुनेछ ।

१०. अनलाईन दरखास्त पेश गर्ने तरीका :- यस बैंकको website: www.nrb.org.np मा Career भित्र राखिएको Online Portal for Contract Application बाट भर्न सकिनेछ ।

११. परीक्षा दस्तुर :- प्रति विज्ञापन रु. ८००।- (रीत नपुगेको कारणले आवेदन फारम अस्वीकृत हुने आवेदकहरुको परीक्षा दस्तुर फिर्ता हुने छैन ।)

१२. परीक्षा दस्तुर बुझाउने प्रक्रिया :- अनलाईन दरखास्त फाराम Submit गरेपश्चात् पोर्टलमा रहेको eSewa, Connect IPS वा Khalti मार्फत् बुझाउन सकिनेछ ।

१३. सबै पदको परीक्षा कार्यक्रम (लिखित, प्रयोगात्मक र अन्तर्वार्ता) काठमाडौंमा सञ्चालन हुनेछ ।

१४. अनलाईन दरखास्त पेश गर्दा कुनै द्विविधा भएमा यस बैंकको जनशक्ति व्यवस्थापन विभाग वालुवाटार, फोन नं. ०१-४४१९८०४/०५/०६/०७ एक्स्टेनसन नं. १३८ वा १४६ वा ०१४४४१०३६ मा अथवा बैंकको ईमेल ठेगाना career@nrb.org.np मार्फत् सम्पर्क गर्न सकिनेछ ।

१५. यो सूचना तथा उपरोक्त पदको पाठ्यक्रम यस बैंकको website: www.nrb.org.np को Career अन्तर्गत Notices भित्र राखिएको छ ।

(मित्रप्रसाद तिम्सिना)
उप-निर्देशक एवं सदस्य सचिव
पदपूर्ति उपसमिति